१०६४१९८६

# राष्ट्रिय सूचना आयोग

प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

राष्ट्रिय सूचना आयोग २०६५

## आदेश

मु.नं. ४७८/२०७२/०७३

निर्णय नं. ६७६

फ्रिडम फोरम, थापाथली, काठमाडौंका तारानाथ दाहाल समेत ........................................२ पुनरावेदक

विरूद्ध

कार्यकारी अधिकृत (कार्यालय प्रमुख), बाग्लुङ नगरपालिका कार्यालय, बाग्लुङ ..................१ विपक्षी

सूचना अधिकारी, बाग्लुङ नगरपालिका कार्यालय, बाग्लुङ ........................................१

विषय :-माग बमोजिमको सूचना उपलब्ध गराईएकोले लगत कट्टा गर्नु ।

फ्रिडम फोरम, थापाथली, काठमाडौंका तारानाथ दाहाल समेतले बाग्लुङ नगरपालिका कार्यालय, बाग्लुङ समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।०७।०१ मा पुनरावेदन गरेको । सो सम्बन्धमा आयोगको मिति २०७२।०७।१७ को आदेश बमोजिम बाग्लुङ नगरपालिका कार्यालय, बाग्लुङलाई मिति २०७२।०७।२९ च.नं ४४३ को पत्रद्वारा सूचना उपलब्ध गराउन लेखी गएको । तत् पश्चात उक्त बाग्लुङ नगरपालिका कार्यालय, बाग्लुङले मिति २०७२।०९।०७, च.नं. ५२८ को पत्र मार्फत पुनरावेदकले माग गरेको सूचना यस आयोगमा प्रषित गरेकोले यसको छाँयाप्रति पुनरावेदकलाई उपलब्ध गराई । प्रस्तुत पुनरावेदनको लगत कट्टा गर्नु । यसको जानकारी पुनरावेदकलाई दिनू ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

इति सम्वत् २०७२ साल चैत्र ०८ गते रोज २ शुभम् ।